मुख्यमन्त्री

मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८२

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

आज अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्ध दिवस हो। सन् २००३ देखि हरेक वर्षको डिसेम्बर ९ मा संसारभरि भ्रष्टाचार विरुद्धको आवाजलाई बुलन्द पार्न यो दिवस मनाईने गरिन्छ। यो दिवसले सम्पूर्ण नेपालीहरूमा सुशासन, पारदर्शिता र जवाफदेहिताप्रति दृढ रही अगाडि बढ्नका प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

यस वर्ष "Uniting with Youth Against Corruption: Shaping Tomorrow's Integrity" भन्ने नाराका साथ अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्ध दिवस मनाइदै छ। यस वर्षको नाराले भ्रष्टाचार विरुद्धको अभियानमा युवालाई नेतृत्वदायी भूमिका खेल्दै समाजमा पारदर्शिता, जवाफदेहिता र इमानदारीताका साथ सुरक्षित र न्यायपूर्ण भविष्य निर्माण गर्न प्रेरित गर्ने विश्वास लिएको छ। नागरिकप्रति जिम्मेवारीता र जवाफदेहिता सहितको सुशासन आजको आवश्यकता हो। सेवा प्रवाहका क्षेत्रमा देखिएका नागरिकका असन्तुष्टिलाई सम्बोधन गर्दै सुशासनयुक्त र भ्रष्टाचारमुक्त मुलुक बनाउने जिम्मेवारी हाम्रो काँधमा छ। भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता राखी सेवा प्रवाहमा जवाफदेहिता र जिम्मेवारीता अभिवृद्धि गर्दै आम नागरिकसँगको सहकार्यमा सुशासनयुक्त, समृद्ध र विकसित समाज निर्माण गर्न सकिन्छ।

भ्रष्टाचार सुशासन, समृद्धि र स्थायित्वको सबैभन्दा ठूला चुनौतीहरूमध्ये एक हो। यसले राज्यका संरचना कमजोर बनाउँदै नागरिकको भरोसा घटाउने र विकासका अवसरहरू खोस्ने गर्दछ। त्यसैले भ्रष्टाचारविरुद्धको लडाइँ कुनै एक व्यक्तिको मात्र नभई सम्पूर्ण समाजको साझा जिम्मेवारी हो भन्ने बोध गर्न आवश्यक छ। कोशी प्रदेश सरकारले यस कुरालाई मनन गर्दै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरी सेवा प्रवाहलाई छिटो, छरितो र गुणस्तरीय बनाउन प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिँदै आएको छ। शासन प्रणालीलाई समयानुकूल परिवर्तन गर्दै प्रविधिमैत्री सेवा प्रवाहमा वृद्धि गरी अगाडि बढ्न सके हामीले भ्रष्टाचार विरुद्धको अभियानमा सफलता पाउछौं। यो सफलता राजनीतिकर्मी, कर्मचारी प्रशासन, निजी क्षेत्र र आम नागरिकको सहकार्यबाट मात्र सम्भव छ।

आजको दिनले इमानदार नेतृत्व, पारदर्शी प्रशासन र जिम्मेवार नागरिकतामार्फत भ्रष्टाचारमुक्त समाज निर्माण गर्न थप प्रेरणा प्रदान गर्दै हामी सबैमा सुशासन, नैतिकता र आचरणका साथ काम गर्न अभिप्रेरित गर्ने विश्वास लिएको छु।

९ डिसेम्बर २०२५

हिक्मत कुमार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मुख्यमन्त्री